# धरान उपमहानगरपालिकाको

## सामाजिक संघसंस्थाहरुको लागि अत्यन्त जरुरी सूचना

कतिपय सामाजिक संघसंस्थाहरुबाट विभिन्न कार्यक्रमहरुको लागि आर्थिक सहयोग माग गर्ने सिलसिलामा नगपालिकाबाट कार्यक्रम स्वीकृत नगराई एवं सम्झौता नगरी कार्यक्रम सञ्चालन गर्ने र सञ्चालन वा सम्पन्न भइसकेपछि मात्र रकम माग गरी निवेदन पेश हुने गरेको पाइएकोले त्यसरी माग गरिएको रकम नियमानुसार भुक्तानी गर्न नसकिने बेहोरा सम्बन्धित सबैमा जानकारी गराइएको छ।

नगरपालिकाबाट कुनै पनि कार्यक्रमको लागि आर्थिक सहयोगको लागि माग गर्दा देहायको प्रकृया पूरा गरेर मात्र पेश गर्न र प्रस्ताव स्वीकृत भएमा सम्झौता गरेर मात्र कार्यक्रम सञ्चालन गर्नुहुन पनि सम्बन्धित सबैमा यसै सूचनाद्वारा जानकारी गराइएको छ।

१. प्रस्ताव पेश गर्दा संलग्न राख्नुपर्ने कागजातहरुः
   - संस्था दर्ता तथा चालु आ.व.मा नवीकरण भएको प्रमाणपत्र,
   - गत आ.व.को लेखापरीक्षण प्रतिवेदन,
   - गत आ.व.को करचुक्ता प्रमाणपत्र,
   - कार्यक्रम सञ्चालन गर्ने एवं उक्त कार्यक्रमको लागि लाग्ने अनुमानित रकमको बिस्तृत विवरण र
   - कार्यक्रमको लागि लाग्ने अनुमानित रकममध्ये संस्थाबाट बेहोर्ने तथा नगरपालिकासँग अपेक्षा गरिएको रकम स्पष्ट खुलाई अपेक्षित रकम माग गर्ने संस्थाको कार्यसमितिको निर्णय।

२. प्रकरण १ मा उल्लेख भएका कागजातहरु संलग्न राखी संस्थाको आधिकारिक पदाधिकारीले दस्तखत गरेको निवेदन।

३. यसरी प्राप्त प्रस्ताव नगरपालिकाबाट स्वीकृत भएपछि सम्झौता गरेर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्ने।

४. कार्यक्रम सम्पन्न भएपछि भुक्तानीका लागि देहायका कागजातहरुसहित निवेदन पेश गर्नु पर्नेछः-
   - संस्थाको कार्यसमितिबाट कार्यक्रममा भएको कूल खर्च रकम र संस्था तथा नगरपालिकाको सम्झौताअनुसारको लागत खुल्नेगरी गरिएको निर्णयको प्रतिलिपी,
   - संस्थाको आधिकारिक पदाधिकारीबाट प्रमाणित सक्कलै बिल भरपाइहरु,
   - कार्यक्रममा उपस्थित व्यक्तिहरुको उपस्थिति विवरण तथा कार्यक्रमको ब्यानरसमेत देखिने गरी खिचिएको फोटोहरु,
   - खर्च नहुने सामग्रीहरु वितरण गरेको भए वितरण गरिएको भरपाइ,
   - संस्थाको नाममा कुनै पनि बैङ्कमा खोलिएको खाताको चेकको फोटोकपी,
   - कार्यक्रमको सम्पन्न प्रतिवेदन।

५. प्रकरण ४ अनुसारका कागजातहरु संलग्न राखी आधिकारिक व्यक्तिको दस्तखत भएको भुक्तानी माग सम्बन्धी निवेदन पेश गरी सम्झौता गराउने शाखा/महाशाखाको सिफारिससहित पेश गरेपछि कार्यालयबाट कानूनअनुसारका करहरु कट्टा गरी सिधै संस्थाको खातामा रकम भुक्तानी हुनेछ।

2081-5-17

...न्द्र राई